# बर्दघाट नगरपालिका

## नवलपरासी जिल्ला
## लुम्बिनी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

| | | | |
|---|---|---|---|
| खण्ड १ | अंकः २ | माघ ३ गते २०८१ साल | (संख्याः१०) |

भाग-२

नगर कार्यपालिकाको मिति २०८१/०९/२५ मा स्वीकृत भएको देहाय बमोजिमको कार्यविधि स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएकोछ।

### सामाजिक स्वास्थ्य सेवा (स्थापना तथा सञ्चालन) कार्यविधि, २०८१

प्रस्तावनाः प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवा बाट वन्चित गरिने छैन भन्ने मान्यतानुसार समाजमा सामाजिक वा आर्थिक दृष्टिले पिछडिएका शिक्षा, स्वास्थ्य र रोजगारीको मूलधारबाट पछाडि परेका हरूको लागि आकस्मिक स्वास्थ्य सेवामा पहुँच पुर्याउदै विशेष सामाजिक सुरक्षा तथा स्वास्थ्य सेवा सहज, सरल र निःशुल्क प्रदान गर्न वाञ्छनीय भएकोले बर्दघाट नगरपालिकाले यो कार्यविधि जारी गरेको छ

### परिच्छेद - १
### प्रारम्भिक

**१. संक्षिप्तनाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "सामाजिक स्वास्थ्य सेवा स्थापना तथा सञ्चालन कार्यविधि, २०८१ " रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुने छ ।

२.<u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिको प्रयोजनका लागि-

(क) **"नगरपालिका"** भन्नाले बर्दघाट नगरपालिका सम्झनुपर्छ।

(ख) **"लक्षित समूहका बिरामी"** भन्नाले सामाजिक स्वास्थ्य सेवा स्थापना तथा सञ्चालन निर्देशिकाले तोकेका अतिगरिब, असहाय, अपाङ्गता भएका(परिचयपत्रबाहक) व्यक्ति, लैङ्गिक हिंसा पीडित, एच आइ भी रोगी, कुष्ठरोगी आकस्मिक बिरामी, सीमान्तकृत तथा लोपोन्मुख आदिवासी, जनजाति, विद्यार्थी, किसान, करदाता, व्यावसायी, महिला स्वयमसेविका, शहिद परिवार, गर्भवती महिला र यौनकृयाकलापबाट सिर्जित रोग लागेका प्रभावित महिला आदिलाई सम्झनु पर्दछ।

(ग) **"साझेदार संस्था"** भन्नाले सामाजिक सेवा एकाइले गर्ने कार्यमा सहयोग पुयाउने, प्रचलित कानुन बमोजिम दर्ता भएका स्थानीय सामाजिक एंव गैर सरकारी संस्थालाई सम्झनुपर्छ ।

(घ) "**सामाजिक स्वास्थ्य सेवा"** भन्नाले लक्षित समूहका बिरामी हरूलाई स्वास्थ्य सेवामा समतामूलक पहुँच एंव उपयोग अभिवृद्धि गर्ने, निःशुल्क तथा आंशिक छुटमा नियमित तथा विशेषज्ञ सेवाहरू उपलब्ध गराउने, स्वास्थ्य बीमा, विपन्न नागरिक उपचार कोष, जेरियाट्रिक, नवजात शिशुस्वास्थ्य, मानसिक स्वास्थ्य, गरिब तथा विपन्न वर्गका लागि निःशुल्क आकस्मिक सेवा लगायत सबै स्वास्थ्य सुरक्षा कार्यक्रमहरूको संयोजन एंव सहजीकरण गर्ने उद्देश्यले अस्पतालमा सञ्चालित कार्यक्रमलाई सम्झनुपर्दछ ।

**(ङ) "स्वास्थ्य शाखा"** भन्नाले बर्दघाट नगरपालिका स्वास्थ्य शाखा सम्झनुपर्दछ ।

**(च) "अस्पताल"** भन्नाले बर्दघाट नगरपालिका अन्तर्गत रहेको चिसापानी अस्पताल सम्झनुपर्दछ ।

**(छ) "सामुदायिक अस्पताल"** भन्नाले बर्दघाट नगरपालिका अन्तर्गत रहेका सामुदायिक अस्पताल सम्झनुपर्दछ ।

**३. सामाजिक सेवा विस्तार योजनाः** स्वास्थ्य सेवालाई व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउने उद्देश्यले बर्दघाट नगरपालिकाबाट चिसापानी अस्पताल र सहिद स्मृति सामुदायिक, अस्पतालबाट लक्षित समूहका बिरामीहरूलाई उपलब्ध गराउँदै आएको सहुलियत क्रमिक रुपमा बिस्तार गर्दै लगिने छ ।

**४. उद्देश्यः** बर्दघाट नगरपालिकाबाट सरकारी, निजी, सामुदायिक तथा शिक्षण अस्पतालहरूमा उपलब्ध आधारभूत तथा विशेषज्ञ सेवा लक्षित समूहका बिरामीहरूलाई सामाजिक सेवा एकाइ मार्फत निशुल्क वा आंशिक छुटमा उपलब्ध गराउने कार्यमा आवश्यक सहजीकरण गर्नुरहेको छ । विशेषगरी, सामाजिक सेवा एकाइका उद्देश्यहरू देहाय बमोजिम रहेका छन्ः-

(क) लक्षित समूहका बिरामीहरूको स्वास्थ्य सेवामा समतामूलक पहुँच एंव उपयोग वृद्धि गर्ने,

(ख) लक्षित समूहसम्म निःशुल्क तथा आंशिक छुटमा विशेषज्ञ सेवाहरू उपलब्ध गराउने,

(ग) व्यवस्थित, पारदर्शी र प्रभावकारी रूपले लक्षित समूहले स्वास्थ्य सेवा लिन सक्ने वातावरण तयार गर्ने ।

(घ) अस्पतालबाट प्रदान गरिने सेवाहरूलाई आधार मानी लक्षित समूहका बिरामीलाई निःशुल्क स्वास्थ्य सेवामा तोकिएका औषधि बाहेक अन्य थप आवश्यक पर्ने सेवाहरुको सूची अस्पताल व्यवस्थापन बाट स्वीकृत गराई कार्यान्वयनमा ल्याउने ।

(ङ) लक्षित समूहका बिरामीहरूलाई छिटोछरितो रूपमा उपचार सुविधा उपलब्ध गराउनका लागि सम्बन्धित अस्पताल अन्तर्गतका विभागहरू बीच समन्वय कायम गर्न आवश्यक प्रक्रिया मिलाउने,

(च) लक्षित समूहका बिरामीहरूका लागि निःशुल्क वा आंशिक छुट दिनुपर्ने सेवालाई नियमित र प्रभावकारी बनाउन बर्दघाट नगरपालिकाबाट अन्य नीति निर्देशन बमोजिम आवश्यक व्यवस्था मिलाउने,

(छ) उल्लिखित लक्षित समूहबाहेक विशेष अवस्थाका अन्य समूहलाई लक्षित समूहमा समावेश गर्नुपर्ने आवश्यक देखिएमा बर्दघाट नगरपालिकाबाट औचित्यका आधारमा निर्णय गरी कार्यान्वयनमा ल्याउने,

(ज) साझेदार संस्थाहरूसँग समन्वय एंव सहकार्य गर्ने,

(झ) लक्षितसमूहले स्वास्थ्य सेवामा पाउने सहुलियत र प्रक्रियाहरू बारे प्रचार-प्रसार अनिवार्य गर्नुपर्ने तथा सामाजिक सेवा एकाइबाट उपलब्ध हुने सेवा एंव सोको प्रक्रियाबारे अस्पतालको बडा पत्रमा नै उल्लेख गर्नुपर्ने,

(ञ) बेवारिसे, असाहाय, सहराबिहीन, असक्त एबम् अपाङ्गताभएका बिरामीहरूको लागि आवश्यक कुरुवाको व्यवस्था गर्ने।

**लक्षित समूहका बिरामीहरूलाई सेवा प्रदान गर्ने सिलसिलामा देहायको प्रक्रिया अवलम्बन गर्नुपर्नेछः**

(क) उपचारमा संलग्न चिकित्सक एवं स्वास्थ्यकर्मीसँग समन्वय गरी सोझै वा प्रेषण भई अस्पतालमा आएका सेवाग्राहीहरू मध्ये निशुल्क तथा आंशिक छुट सेवा प्रदान गर्नु पर्ने लक्षित समूहका बिरामीहरू पहिचान गर्ने ।

(ख) अस्पताल कर्मचारी तथा सरोकारवाला संस्थाहरूलाई जिम्मेवारी, कार्य सञ्चालन विधि एबम् लक्षित समूहका बिरामीका लागि दिइने निःशुल्कतथा आंशिक छुट सेवा बारे जानकारी उपलब्ध गराउने।

(ग) लक्षित समूहका बिरामीहरूलाई सहज रूपमा सेवा उपलब्ध गराउन अस्पताल भित्रका विभागहरू सँग समन्वय गर्ने ।

(घ) लक्षित समूहका बिरामीहरूलाई आवश्यकता अनुरूप विशेषज्ञ सेवा उपलब्ध गराउनुपर्ने भएमा अस्पतालभित्रै वा अस्पतालमा सेवा उपलब्ध नभएको खण्डमा नजिकैको अस्पतालमा प्रेषण गर्न सहयोग गर्ने । आकस्मिक र अन्तरङ्गका बिरामीहरूलाई प्रेषण गरी अन्य अस्पतालहरूमा लैजान परेमा दूरी हेरी एम्बुलेन्स खर्च गर्न सक्ने छ।

(ङ) उपचारका क्रममा बेखर्ची भई खान, बस्न तथा यातायात खर्च समेत नभई अलपत्र परेका बिरामीलाई आवश्यक व्यवस्था मिलाउन सिफारिस सहित अस्पताल प्रमुख समक्ष पेश गर्नुपर्नेछ।

(च) लक्षित समूहका बिरामीप्रति जवाफदेही भई सम्बन्धित अस्पतालको प्रमुख प्रति उत्तरदायी हुनेछ र अस्पताल प्रमुखलाई नियमित सूचना उपलब्ध गराउनुपर्नेछ ।

(छ) सेवा करारमा रहेका साझेदार संस्थाहरूसँग समन्वय एंव सहकार्य सम्बन्धमा अस्पताल व्यवस्थापनले निर्देशन गरे बमोजिम काम गर्ने। सहायता कक्षको व्यवस्था गर्नुपर्नेछ । सामाजिक सेवा एकाइमा कार्यरत कर्मचारी एबम् सहजकर्ताहरूले कार्यसञ्चालन समयमा गाढा निलो रङको एप्रोन लगाउनुपर्नेछ । सञ्चालन समय कार्य सञ्चालन समय हप्ताको सात दिन (सार्वजनिक बिदाको दिनमासमेत) २४ घण्टाको हुनेछ । अस्पतालको बहिरङ्ग, अन्तरङ्ग र आकस्मिक विभागमा सेवा लिनआएका लक्षित समूहका बिरामीहरूको पहिचान गरी सेवा प्रदानगर्ने कार्यमा सहजीकरण गर्ने,

(ज) निःशुल्क वा आंशिक छुट दिनुपर्ने बिरामीहरूलाई उपचारको क्रममा मूल्याङ्कन गरी सेवा उपलब्धताको सुनिश्चिततागर्ने,

(झ) निःशुल्क तथा आंशिक छुट सेवा पाएका बिरामीहरूको अभिलेख राख्ने र अनलाइन अभिलेख तथा प्रतिबेदन गर्ने ।

(ञ) बेवारिसे, असाहाय सराहाविहीन असक्त एवम अपाङ्गता भएका बिरामीहरूलाई द्रुत रूपमा सेवा उपलब्ध गराउने।

**लक्षित समूह पहिचान तथा सहुलियत स्वास्थ्य सेवा**

(क) गरिब,

(ख) असहाय,

(ग) अपाङ्गताभएका व्यक्ति (परिचयपत्रबाहक),

(घ) लैङ्गिक हिंसा पीडित (बालबालिकासमेत),
(ङ) एच.आइ.भी रोगी, कुष्ट रोगी,
(च) गरिब तथा विपन्न आकस्मिक बिरामी,
(छ) वार्षिक १५००० भन्दा वढी कर दिर्ने करदाता, किसान तथा व्यावसायी
(ज) यौनकृयाकलापबाट सिर्जित रोग लागेका प्रभावित महिला
(झ) महिला स्वास्थ्य स्वयंसेविका (परिचयपत्रबाहक),
(ञ) कुपोषित बालबालिका,
(ट) प्रहरीले ल्याएका थुनुवा बिरामी,
(ठ) शहीद परिवार (परिचयपत्रबाहक),
(ड) सिमान्तिकृत तथा लोपोन्मुख आदीवासी जनजाती
(ढ) स्थानीयका आधारमा थप गर्नुपर्ने लक्षित समूह भए उल्लेख गर्ने।
(ण) कक्षा १२ सम्म सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थी
(त) व्यावसायीक कृषक तथा कृषक समूह सदस्य
(थ) नगरपालिकाले सञ्चालन गर्ने विभिन्न स्वास्थ्य परिक्षण अभियानमा सहभागी सम्पूर्ण नागरिक

**द्रष्टव्यः** माथि उल्लिखित लक्षित समूहका बिरामीहरूलाई आर्थिक अवस्थाको मूल्याङ्कन एंव परिचयपत्रका आधारमा अस्पतालमा उपलब्ध सेवाहरूमा छुट प्रदान गर्नुपर्ने छ तर, लैङ्गिक हिंसापीडित व्यक्तिका हकमा भने सम्बन्धित अस्पतालमा उपलब्ध हुने सबै स्वास्थ्यसेवाहरू पूर्णरूपमा निःशुल्क पाउने व्यवस्था मिलाउनुपर्ने छ।लक्षित समूह पहिचान गर्ने आधार र उनीहरूले पाउने सहुलियतका वारेमा यसै निर्देशिकामा उल्लेख गरिएकोछ ।

**५.लक्षितसमूहका बिरामीहरूको पहिचान र सहुलियतका आधारहरूः**

(क) नेपाल सरकारबाट उपलब्ध गराइएको गरिबको परिचयपत्र प्राप्त गरेको वा उपचारमा संलग्न स्वास्थ्यकर्मीहरूको सिफारिसले तोकिएको सूचकका आधारमा गरिबको निर्धारण गर्न सक्ने छन् । गरिबको अवस्था मूल्याङ्कनको आधारमा अतिगरिब व्यक्तिलाई तोकिए बमोजिमका स्वास्थ्य सेवा निःशुल्क र गरीब व्यक्तिलाई तोकिए बमोजिमको स्वास्थ्य उपचार सेवामा ८०% छुट दिनुपर्ने छ ।
(ख) असहायः हेरविचार गर्ने परिवार, अविभावक वा अन्य कोही व्यक्ति नभएको बेसहारा, संरक्षकविहीन शारीरिक रूपले अशक्त व्यक्ति, नेपाल सरकार बाट गराइएको परिचयपत्र/सिफारिसपत्र वा उपचारमा संलग्न स्वास्थ्यकर्मीहरूको अवलोकन एंव एकाइका कर्मचारीहरूले तोकिएको सूचकका आधारमा असहाय अवस्थाको निर्धारण गर्न सक्ने छन् ।असहाय बिरामीलाई तोकिएबमोजिमका स्वास्थ्य सेवा निःशुल्क रूपमा उपलब्ध गराउनु पर्नेछ ।
(ग) अपाङ्गता भएका व्यक्तिः यस निर्देशिकाको प्रयोजनका लागि अपाङ्गता भएका व्यक्ति भन्नाले शारीरिक वा मानसिक कारणले अरूको सहारा लिएर मात्र दैनिक कार्यसम्पादन गर्न सक्ने अवस्थाका व्यक्तिहरू, जस्तैः श्रवणशक्ति गुमाएका, दृष्टिविहीन, आफै हलचल गर्न नसक्ने व्यक्तिलाई सम्झनु पर्दछ । नेपाल सरकारबाट चार वर्गका परिचयपत्र पाएका मध्ये "क" वर्गको (रातो रङ) को परिचयपत्र पाएका व्यक्तिलाई तोकिए बमोजिमको स्वास्थ्य सेवा निःशुल्क र "ख" वर्ग (निलो रङ) को परिचयपत्र पाएका व्यक्तिलाई रु ५०% छुटमा सेवा प्रदान गर्नुपर्ने छ ।

(घ) लैङ्गिक हिंसाबाट प्रभावितः "लैङ्गिक हिंसा पीडित तथा प्रभावित व्यक्ति" भन्नाले एकद्वार सङ्कट व्यवस्थापन केन्द्रमा सेवा लिइरहेका व्यक्ति वा लैङ्गिक हिंसामा परी स्वास्थ्य उपचार, मेडिको लिगल, सुरक्षा, संरक्षण, मनोसामाजिक परामर्श, सुरक्षित आवास, कानूनी उपचार, जीविकोपार्जन तथा पुनर्स्थापना सेवाको खोजीमा रहेका महिला, पुरुष, बालबालिका तथा लैगिक तथा यौनिक अल्पसंख्यक समेत लाई सम्झनु पर्छ । स्थानीय तह, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरीकार्यालय एंव एकद्वार सङ्कट व्यवस्थापन केन्द्रबाट लैङ्गिक हिंसाबाट प्रभावितका रूपमा सिफारिस भइ आएका महिला तथा पुरुष र बालबालिकाहरू लाई आवश्यक सबै स्वास्थ्य उपचार सेवा ( अस्पतालमा उपलब्ध नभएका सेवा आवश्यक परेमा सो सेवासमेत) पूर्णरूपमा निःशुल्क उपलब्ध गराउनुपर्नेछ ।

(ङ) गरिब तथा विपन्न आकस्मिक बिरामी : "गरिब तथा विपन्न वर्गलाई केन्द्रीय तथा प्रादेशिक अस्पतालहरूबाट प्रारम्भिक चरणको आकस्मिक स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७७" अनुसार अस्पतालबाट आकस्मिक कक्षमा आएका गरिब तथा विपन्नवर्ग" ( उपचार सेवा लिन आउँदाको बखत उपचार खर्च नभएका, साथमा कोही पनि नभएका र तेस्रो व्यक्तिले ल्याएका वा बेवारिसे) का बिरामीहरूलाई प्रारम्भिक स्वास्थ्य उपचार सेवा निःशुल्क प्रदान गर्नुपर्ने छ । तोकिए बाहेकका अन्य अस्पतालहरूबाट पनि आकस्मिक अवस्थाका गरिब तथा विपन्न वर्गका बिरामीहरूलाई प्रारम्भिक स्वास्थ्य सेवा निःशुल्करूपमा उपलब्ध गराउनुपर्ने छ।

(च) सीमान्तीकृत तथा लोपोन्मुख आदिवासी जनजातिः नेपाल सरकारले लोपोन्मुख आदिवासी जनजातिका रूपमा सूचीकृत गरेका समुदाय तथा स्थानीय परिवेश अनुसार गरिबी एंव विपन्नताका आधारमा सीमान्तीकृत आदिवासी तथा "जनजातिका रूपमा अस्पताल व्यवस्थापनबाट निर्णय गरिएका समुदायलाई तोकिए बमोजिमका स्वास्थ्य सेवा निःशुल्क रूपमा उपलब्ध गराउनुपर्ने छ ।

(छ) महिला स्वास्थ्य स्वयंसेविकाः स्थानीय तह एंव स्थानीय स्वास्थ्य संस्थाबाट सञ्चालन गरिने जनस्वास्थ्यका गतिविधिमा सहयोग पुर्याउने गरी प्रत्येकवडा हरूमा स्वयंसेविकाका रूपमा कार्यरत परिचयपत्र पाएका बहालवाला व्यक्तिलाई तोकिए बमोजिमको स्वास्थ्य उपचार सेवामा ८०% छुट दिनुपर्ने छ ।

(ज) कुपोषित बालबालिकाःपोषण पुनर्स्थापना केन्द्रमा भर्ना भएका वा अन्य कुपोषित बालबालिकाहरूलाई तोकिएका स्वास्थ्य सेवा निःशुल्करूपमा उपलब्ध गराउनुपर्ने छ ।

(झ) प्रहरीले ल्याएका थुनुवा बिरामीः हिरासत वा कारागारमा रहेको समयमा बिरामी भई प्रहरीले उपचार गर्न अस्पताल ल्याएका थुनुवा र बालसुधार गृहका बालबालिका बिरामीहरूलाई प्रारम्भिक चरणको स्वास्थ्य उपचार सेवा निःशुल्क रूपमा उपलब्ध गराउनुपर्ने छ ।

(ञ) शहिद परिवारः नेपाल सरकारले प्रदान गरेको शहिद परिवार परिचयपत्रका आधारमा उनीहरू लाई तोकिएका स्वास्थ्य सेवामा सहुलियत प्रदान गर्नुपर्ने छ ।

(ट) गर्भवति महिलाः बर्दघाट नगरपालिका भित्र बसोवास गर्ने गर्भवति महिलाहरुलाई स्वास्थ्य उपचार सेवा निःशुल्क रूपमा उपलब्ध गराउनुपर्ने छ । साथै गर्भवति महिलाहरुलाई नगरपालिका भित्रको अस्पताल सम्म आउन र घर सम्म जानको लागी एम्बुलेन्स सेवा समेत निःशुल्क रूपमा उपलब्ध गराउनुपर्ने छ ।

**६. लक्षितसमूहका बिरामी छनोट प्रक्रियाः लक्षित समूहका बिरामी पहिचान एबम छनोट गर्दा निष्पक्ष ढङ्गले गर्नुपर्दछ । सो कार्यका लागि देहाय बमोजिमको व्यवस्था गर्नुपर्ने छः-**

(१) अस्पतालमा लक्षित समूहलाई दिइने सहुलियत एबम् सेवा बारे जानकारी गराउनुपर्ने छ ।

(२) आकस्मिक, बहिरङ्ग तथा अन्तरङ्ग कक्षमा उपचारमा संलग्न स्वास्थ्यकर्मीहरूलाई उपचारको सिलसिलामा बिरामी लक्षित समूहभित्र परेमा वा लक्षित समूहको परिचयपत्र लिई आएको भएमा वा अन्य अस्पतालबाट लक्षित समूहको बिरामीका रूपमा प्रेषणभई आएमा

(३) सेवाग्राही संरक्षक विहीन अशक्त अवस्थाको भएमा उपचारमा संलग्न वास्थ्यकर्मीहरूले एकाइका कर्मचारीलाई उपचार कक्षमै बोलाई प्रक्रिया अगाडि बढाउन लगाउनुपर्ने छ ।

(४) लक्षितसमूहहरू मध्ये अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र महिला स्वास्थ्य स्वयंसेविकाहरू अन्तरङ्गमा उपचारमा आउँदा परिचयपत्र नल्याएकोअवस्थामा निःशुल्क सहुलियत सेवा माग गरेमा निजहरूले अस्पतालको उपचार अवधिमा परिचयपत्र ल्याएको खण्डमा सो बापतको सुविधा पाउनेछन् । तर, उपचार गर्दा निजहरूले खर्च गरिसकेको भएमा सो रकम सोधभर्ना गर्न मिल्ने छैन ।

(५) बहिरङ्ग, आकस्मिक र अन्तरङ्ग कक्षमा उपचार गराउने क्रममा अस्पतालमा उपलब्ध निदान मूलक र उपचार मूलक सेवाहरू (औषधि, ल्याब, एक्सरे, इसिजी, सर्जरी लगायतका सेवाहरू) अस्पतालको आर्थिक स्रोत भित्र रहेर निःशुल्क वा आंशिक छुटमा उपलब्ध गराउनुपर्ने छ।

(६) सम्बन्धित अस्पतालले प्रदान गर्ने सेवाहरू लाई आधार गरेर लक्षित समूहका बिरामीहरूलाई उपलब्ध गराउन सक्ने निशुल्क औषधिहरूको सूची सामाजिक स्वास्थ्य सुरक्षा व्यवस्थापन समितिले स्वीकृत गरी अस्पतालको फार्मेसीमा उपलब्ध हुने औषधिको सूचीमा समावेश गर्नुपर्ने छ । प्रत्येक वर्ष सो औषधिको सूचीलाई अद्यावधिक गर्नुपर्ने छ।सूचीमा उल्लेखित औषधि भन्दा फरक औषधि उपलब्ध गराउनुपर्ने भएमा अस्पताल प्रमुखको स्वीकृति लिई उपलब्ध गराउन सक्ने छ ।

(७) लैङ्गिक हिंसा प्रभावित व्यक्तिका हकमा सम्बन्धित अस्पतालमा उपलब्ध हुने सबै स्वास्थ्य सेवाहरू (परीक्षण, उपचार, बेड, ल्याब, सर्जरी, औषधि, आदि) निःशुल्क रूपमा पाउने व्यवस्था मिलाउनु पर्ने छ।

(८) बहिरङ्ग र आकस्मिक कक्षमा सेवा लिन आउने लक्षित समूहका बिरामीहरूले आधिकारिक परिचयपत्र वा सिफारिसपत्र नल्याएको भए एक पटकका लागि सामाजिक सेवा एकाइले गरेको मूल्याङ्कनको आधारमा निःशुल्क वा आंशिक छुटमा सेवा उपलब्ध गराउनुपर्ने छ । अर्को पटक आउँदा अनिवार्य रूपमा परिचयपत्र ल्याउनुपर्ने कुरा जानकारी गराउनुपर्दछ । अन्तरङ्गमा भर्ना भएका गरिब लगायत अन्य लक्षित समूहका बिरामीहरूले उपचारको क्रममा लक्षित समूहखुल्ने परिचयपत्र वा सिफारिसपत्र उपलब्ध गराएमा सामाजिक सेवा एकाइ बाट उपचारमा सहुलियत पाउन सक्ने छन् ।

**७. प्रेषण भई आउँदा, आवश्यक पर्ने कागजातहरूः** (१) स्वास्थ्य संस्थामा प्रेषण भई आउँदा देहाय बमोजिमका कागजात हरूपेश गर्नु पर्नेछः-

(क) लक्षित समूह (गरिब, असहाय, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक हिंसाबाट पीडित, शहिदपरिवार, लोपोन्मुख आदिवासी जनजाति र महिला स्वास्थ्य स्वयंसेविका) भएको सरकारी निकायबाट जारी गरिएको परिचयपत्र |

(ख) लैङ्गिक हिंसाबाट प्रभावित व्यक्तिको हकमा स्थानीय तह वा जिल्ला प्रशासन कार्यालय वा जिल्ला प्रहरी कार्यालय वा एकद्वार सङ्कट व्यवस्थापन केन्द्रले प्रेषण गरेको पुर्जा ।

(ग) तल्लो तहको स्वास्थ्य संस्थाबाट कारण सहित खुलाएको प्रेषण पुर्जी ।

(२) यसरी प्राप्त परिचयपत्र र प्रेषण पुर्जाका आधारमा सामाजिक सेवा एकाइले लक्षित समूहको पहिचान गरी लक्षित समूह लाई दिइने स्वास्थ्य उपचार सुविधा प्राप्त गर्नमा आवश्यक सहयोग गर्नुपर्नेछ।

आ.व.को बजेट अनुमान गरी  बर्दघाट नगरपालिका स्वास्थ्य शाखामामा पेश गर्नुपर्नेछ र पेश गरेको आधारमा बर्दघाट नगरपालिकाले सशर्त अनुदानको रूपमा वार्षिक निश्चित बजेट विनियोजन गर्नु पर्नेछ। सो अनुदान रकम यस निर्देशिकामा तोकिएका लक्षित समूहबाहेक अन्य समूहका लागि खर्च गर्न पाइने छैन ।
लक्षित समूहका बिरामीहरूको स्वास्थ्य सेवाका लागि भएको आम्दानी र खर्चको लेखा सम्बन्धित अस्पतालले छुट्टै राख्नुपर्ने छ।

(३) अस्पताल, शहरी स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकीमा कार्यरत कर्मचारीहरूका लागि निःशुल्क वा आंशिक छुट सेवा, सामाजिक सेवा एकाइको भूमिका, कार्यसञ्चालन प्रक्रिया आदिका बारेमा जानकारी दिन बर्दघाट नगरपालिका स्वास्थ्य शाखाले अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्ने छ। यस्तो अभिमुखीकरण कार्यक्रमको आयोजना छुट्टै नगरी अन्य नियमित कार्यक्रमहरू सञ्चालन गर्दा समावेश गर्नुपर्नेछ।

**८. समन्वय तथा सहकार्यः** सामाजिक स्वास्थ्य सुरक्षा व्यवस्थापन समिति मार्फत स्वास्थ्य शाखा / बर्दघाट नगरपालिका अस्पताल व्यवस्थापन तथा अस्पताल भित्रका विभिन्न विभाग एंव शाखाहरूसँग समन्वय कायम गर्दै कार्य गर्नुपर्ने छ। यसको स्रोत परिचालन तथा सहयोगका लागि अस्पताल व्यवस्थापनको पहलमा स्थानीय तह, दातृसंस्था, गैरसरकारी संस्था, सामाजिक संस्था तथा अन्य सरोकारवाला संस्थाहरू सँग समन्वय कायम गर्दै कार्य गर्नुपर्नेछ ।

**९. कार्यान्वयन**: यस निर्देशिका कार्यान्वयन गर्ने क्रममा थप आर्थिक दायित्व सिर्जना हुने देखिएमा बर्दघाट नगरपालिकाको सहमति लिनु पर्नेछ ।

**१०. अभिलेख:** अस्पतालबाट निशुल्कतथा आंशिक छुटमा सेवा पाएका बिरामीहरूको अभिलेख तोकिएको ढाँचामा राख्नुपर्नेछ। अभिलेख रजिस्टर र अनलाईन प्रणाली मार्फत् दोस्रो महिनाको पहिलो हप्ताभित्र एकीकृत स्वास्थ्य सूचना प्रणालीमा समावेश गराउनु पर्नेछ ।

**११. अनुगमनः** (१) अस्पतालमा रहेको व्यवस्थापन समितिले नियमित रूपमा एकाइको आन्तरिक मूल्याङ्कन तथा मार्गदर्शन गर्नु पर्नेछ । सामाजिक स्वास्थ्य सुरक्षा व्यवस्थापन समितिले एकाई सञ्चालनमा कुनै समस्या आईपरेमा अस्पताल  व्यवस्थापन समितिबाट सल्लाह सुझाव लिन सक्नेछ।
**१२. थपघट र हेरफेरः** यस निर्देशिकाको कार्यान्वयनको क्रममा कुनै वाधा अवरोध र अस्पष्टता भएमा त्यस्तो बाधा अड्चन फुकाउने प्रयोजनका लागि बर्दघाट नगरपालिकाले यस निर्देशिका आवश्यक तानुसार व्याख्या थपघट वा हेरफेर गर्न सक्नेछ । सामाजिक सेवा एकाइ सञ्चालनको क्रममा आवश्यकतानुसार नगरकार्यपालिकाले यस निर्देशिकामा संशोधन गर्न सक्ने छ ।

आज्ञाले
प्रकाश खनाल
प्रमुख प्रशासकीय अधिकृत